बडीमालिका नगरपालिका

स्थानीय राजपत्र

खण्ड २ संख्या ५ मिति २०७६ वैशाख ३,मंगलबार

भाग:२

## बडीमालिका नगरपालिकाको मिति २०७५/१२/२९ गते नगर कार्यपालिकाबाट स्वीकृत भएको सहकारी दर्ता सम्बन्धि कार्यविधि, २०७५

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

आज्ञाले,
तिर्थराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

बडीमालिका नगरपालिका

स्थानीय राजपत्र

खण्ड २ संख्या ५ मिति २०७६ बैशाख ३,मंगलबार

भाग:२

बडीमालिका नगरपालिकाको मिति २०७५/१२/२९ गते नगर कार्यपालिकाबाट स्वीकृत भएको

सहकारी दर्ता सम्बन्धि कार्यविधि, २०७५

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

आज्ञाले,

तिर्थराज भट्टराई

प्रमुख प्रशासकीय अधिकृत

## सहकारी दर्ता सम्बन्धि कार्यविधि, २०७५

[redacted]
कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) **"नगरपालिका"** भन्नाले बडिमालिका नगरपालीका सम्झनुपर्छ ।

(ख) **"दर्ता अधिकारी"** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ ।

(ग) **"दरखास्तवाला"** दर्ताका लागि निवेदन दिने व्यक्तिलाई सम्झनुपर्छ ।

(घ) **"शेयर"** भन्नाले सहकारी संस्थाको शेयर पूजीको अंश सम्झनुपर्छ ।

(ङ) **"सञ्चालक"** भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउँछ ।

३. **गठन गर्नु पर्ने** : (१) सहकारी दर्ता गर्नुपूर्व सहकारी दर्ताका सम्बन्धमा हुने शेयर सदस्य बीच आपसी सरसल्लाह र पूर्व परामर्श गर्नु पर्नेछ । जसमा निम्न विषयहरु माथि छलफल गर्नुपर्ने छ-

(क) सहकारी के हो ?

(ख) हामी सहकारी किन गठन गर्दै छौं ?

(ग) सहकारी हाम्रा लागि जरुरी छ की छैन ?

(२) **प्रारम्भिक भेलाको आयोजना गर्नु पर्ने** : प्रस्तावित संस्था गठन गर्न इच्छुक व्यक्तिहरुको प्रारम्भिक भेला बोलानु पर्नेछ । भेलामा संस्थाको किसिम अनुसार गठन गर्न कानूनतः चाहिने न्यूनतम संख्यामा इच्छुक सबै व्यक्तिहरु अनिवार्य रुपमा उपस्थित हुनु पर्दछ । भेलामा उपस्थित व्यक्तिबाट भेलाले तोकेको व्यक्तिको संयोजकत्वमा बैठक बसी निम्न विषयमा निर्णय गर्नु पर्नेछ ।

(क) सहकारी खोल्ने विषय अर्थात गठन सम्बन्धमा ।

(ख) संस्थाको नाम, ठेगाना सम्बन्धमा ।

(ग) संस्थाको उद्देश्य र कार्यहरुको निर्धारण सम्बन्धमा ।

(घ) संस्थाको कार्यक्षेत्र तय गर्ने सम्बन्धमा ।

(ङ) संस्थाको प्रतिशेयर रकम र सदस्य प्रवेश शुल्क निर्धारण सम्बन्धमा ।

(च) तदर्थ सञ्चालन समितिको गठन सम्बन्धमा ।

(छ) विनियम मस्यौदा समितिको गठन सम्बन्धमा ।

(ज) कार्ययोजना तर्जुमा समिति गठन गर्ने सम्बन्धमा ।

(झ) आर्थिक तथा प्रशासनिक नियमावली मस्यौदा समिति गठन गर्ने सम्बन्धमा ।

(ञ) बचत तथा ऋणको कारोवार गर्ने संस्था भए बचत परिचालन निर्देशिका मस्यौदा समिति गठन गर्ने सम्बन्धमा ।

(ट) सेयर र सदस्य प्रवेश शुल्कवापत रकम उठाउने र उठेको रकम जिम्मा दिने सम्बन्धमा

(स) संस्था स्थापनाका सिलसिलामा तय गर्नुपर्ने अन्य आवश्यक विषयहरुमा ।

(३) **दोस्रो प्रारम्भिक भेलाको आयोजना गर्नु पर्ने :** अघिल्लो प्रारम्भिक भेलाले सुम्पेको जिम्मेवारी अनुसार विभिन्न समितिहरुले कार्य सम्पन्न गरेपछि त्यस बीचमा इच्छुक अन्य व्यक्तिहरु समेतलाई दोस्रो प्रारम्भिक भेलामा डाकी संस्थाको किसिम अनुसार गठन गर्न कानूनतः चाहिने न्यूनतम संख्या पुगेको उपस्थितीमा देहायको कार्यसूचीमा छलफल गरि निर्णय गर्नु पर्नेछ ।

(क) मस्यौदा विनियम पारित गर्ने ।

(ख) प्रस्तावित कार्ययोजना स्वीकृत्र गर्ने ।

(ग) संस्था दर्ता गर्न तदर्थ सञ्चालन समितिका अध्यक्ष र अन्य दुई जनासम्मलाई अधिकार प्रत्यायौजन गर्ने ।

(घ) संस्था दर्ता पश्चात सेयर र सदस्य प्रवेंश शुल्कवापत उठेको रकम बैंकमा खाता खोली जम्मा गर्ने ।

(ङ) खाता संचालन गर्ने व्यक्तिहरु तोक्ने ।

(च) स्व-घोषणा-पत्रमा सहीछाप गर्ने ।

(छ) आर्थिक तथा प्रशासनिक नियमावलीको मस्यौदा पारित गर्ने ।

(ज) बचत तथा ऋणको कारोवार गर्ने संस्था भए मस्यौदा बचत परिचालन निर्देशिका पारित गर्ने

(झ) संस्था स्थापनाका सिलसिलामा आवश्यक अन्य विषयहरु तय गर्ने ।

४. **दर्ता गर्नु पर्ने** : सहकारी संचालन गर्नका लागि नगरकार्यपालिकामा दर्ता गर्नु पर्ने छ ।

५. **दर्ताको लागि दरखास्त दिनुपर्ने** : (१) यस कार्यविधिको दफा ३ बमोजिमको प्रक्रिया पुरा गरि सकेपछि अनुसूची-.... को ढाँचामा तदर्थ संचालक समितिका अध्यक्षको तर्फबाट रु. १० (दश) को टिकट टाँसी प्रस्तावित संस्थाको दुई प्रति सक्कलै विनियम लगायत अनुसूची-..... मा उल्लेखित सम्पूर्ण कागजातहरु संलग्न राखेर दर्ता गर्ने अधिकारीछेउ दरखास्त दिनु पर्नेछ ।

६. **प्रारम्भिक छानबिन हुने** : (१) दर्ता गर्ने अधिकारीले सहकारी संस्था दर्ताका लागि परेको दरखास्तमा प्रारम्भिक छानबिन गरि अनुसूची .... बमोजिम सिद्धान्तसम्मतिको जाँच गर्नु पर्नेछ ।

(२) यस दफाको (१) बमोजिम प्रारम्भिक छानबिनबाट सहकारी दर्ताको प्रयोजन स्पष्ट हुने नदेखिएमा दर्ता गर्ने अधिकारीले प्राप्त दरखास्त दरपीट गरि दिनुपछए । तर दरपीट गर्दा देहायकको कुनै व्यहोरा खुलाउनु पर्ने हुन सक्छ ।

(क) सहकारी संस्था दर्ता गर्न सदस्यहरुमा हुनुपर्ने साझा बन्धन (अफयल दयलम) नदेखिएको,

(ख) सदस्यहरुले संस्थाको सेवा उपयोग गर्नुपर्ने खुला तथा स्वैच्छिक सदस्यताको सर्वमान्य सिद्धान्तको सर्वविपरीत सेवा उपयोग नगर्ने व्यक्तिहरु सदस्य रहने गरि दरखास्त परेको,

(ग) नाफामा सहभागी नहुने सहकारीताको मौलिक दर्शनसँग मेल नखाने गरि पूँजीको लगानीमा प्रतिफल प्राप्त गर्ने अभिप्रायले संस्था खोल्न चाहेको कार्ययोजनाका साथै सम्भाव्या अध्ययन प्रतिवेदनबाट खुलेको,

(घ) सदस्यहरुको पेशाको विवरणमा उत्पादक र उपभोक्ताको बीचमा बसेर नाफा खाने मध्यस्थ वर्गका व्यक्तिहरु समेत सहभागी भएको भेटिएको,

(ङ) संस्थाको विनियम, कार्ययोजना, सदस्यको पेशाको विवरण लगायतको अध्ययन गर्दा सहकारीताको सिद्धान्तबाट सदस्य केन्द्रित भएर आम सदस्यहरुको आर्थिक सामाजिक

उन्नती गर्ने नभएर बैंङ्क, वित्तीय संस्था वा व्यवसायिक कम्पनी जस्तो गरी सहकारी संस्था दर्ता गरेर सञ्चालकहरुले चलाउन चाहेको ।

(३) प्रारम्भिक छानविनको क्रममा सहकारीताको अभ्यास गर्ने खालको देखिंएमा विधिसम्वततर्फ अनुसूची २ मा उल्लेखित कागजाजहरु हेरि कुनै कागज तथा प्रक्रिया अपुग देखिएमा पुरा गर्न लगाउने ।

७. **विस्तृत छानबिन हुने :** (१) प्रारम्भिव छानविनको कार्य भई सकेपछि दर्ता अधिकारीले तलका कुराहरुलाई समेत विस्तृत रुपमा हेर्नु पर्दछ ।

(क) साधारण सदस्यलाई नेतृतव पंक्तिको कुनै पद नदिने गरि बन्देज लगाएको हुनुहुदैन ।

(ख) साधारण सदस्यहरुलाई लोकतन्त्र विरोधी अनावश्यक शर्त राखीएको हुनुहुदैन ।

(२) अनुसूची १ मा टिपिएका सरोकारहरु सम्वोधन भएका छन् वा सम्बोधन हुने गरी औचित्यपूर्ण बन्दोबस्त राखिएको छ भने कैफिएत महलमा व्यहोरा जनाएर दर्ता प्रक्रिया अगाडी बढाउदा बाधा पर्ने मानिने छैन । तर विस्तृत छानविनको क्रममा विनियमको प्रस्तावित कुनै बन्दोबस्तमा संशोधनको जाँचबुझ दिदा देहाय बमोजिम जनाउनु पर्दछ-

(क) विनियमको दफा ................ मा प्रस्तावित व्यवस्था सहकारिताको मुल्य, सिद्धान्त, मान्यताविपरित देखिएको,

(ख) विनियमको दफा .......... मा प्रस्तावित व्यवस्था बडिमालिका नगरपालिकाको सहकारी ऐन २०७४ को दफा .... सँग बाझिएको,

(ग) विनियमको दफा ............. मा प्रस्तावित व्यवस्था संस्थाका सदस्यहरुको हित संरक्षणका लागि संस्थागत सुशासन कायम राख्न अपरिहार्य भएको हुँदा तपशिल बमोजिम संशोधन गर्नु हुनका साथै-

(घ) बडिमालिका नगरपालिकाको सहकारी ऐन २०७४ को प्रस्तावनाको भावना अनुरुप सहकारी किफायतको प्रचलन, सदस्यहरुमा स्वावलम्बन, पारस्परिकता एवम् सर्वस्वीकृत मापदण्डहरु स्थापित गराउन तपशिल बमोजिमका व्यवस्थाहरु थप समेत गरि पेश गर्नु हुन यो सूचना दिईएको छ ।

| सि.नं. | विनियमको दफा, उपदफा, खण्ड | प्रस्ताव भई आएको व्यवस्था | संशोधन गरी प्रस्ताव गर्नुपर्ने व्यवस्था | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

८. **स्थलगत परिक्षण गर्नुपर्ने :** (१) विस्तृत छानबिनको क्रममा उल्लेख गरिएका कुरा यथोचित मात्रा छन् वा छैनन्, सहकारी विधिव्यवहार अनुसार कार्य हुने हो वा होइन भन्ने कुरामा स्पष्ट दर्ता अधिकारीले सम्भव भए आफै वा नगरपालिकाबाट प्रतिनिधि तोकी सो कुराको जाँचका लागि स्थलगत परिक्षण गर्न टोली पठाउनु पर्नेछ । सो टोलीको प्रतिवेदन हेरेर मात्र सहकारी संस्था दर्ता गर्न गर्नु पर्नेछ ।

(२) स्थलगत टोलीले निम्न कुराको जाँच गर्नु पर्नेछ-

(क) कार्यक्षेत्रको भु-वनोट, जनजीवन र समस्यासँग साक्षात्कार हुन सम्भाव्यताको अवस्था,

(ख) वडामा वहुउद्देश्यीय संस्था राम्ररी चलि रहेको छ भने नयाँ सहकारी बनाउनुको प्रयोजन,

(३) तर महिला मात्र सदस्य हुने गरि बहुउद्देश्यीय सहकारी संस्था खोल्न खोजिएको छ भने रोक्न सकिने छैन । फेरि उही वडामा महिला मात्रको सहकारी संचालन भई रहेको अवस्थामा अर्को महिला सहकारी संस्था दर्ता गर्नुको प्रयोजन स्पष्ट पार्नु पर्नेछ ।

९. **विशेषकृत परामर्श लिन सक्ने :** संस्थाको उद्देश्य वा कार्यहरुको कुनै कुरामा द्विविधा वा अन्यथा उपयुक्तताको प्रश्न उत्पन्न भएको खण्डमा दर्ता अधिकारीले सम्बन्धित निकाय वा व्यक्तिसँग परामर्श लिन सक्नेछ ।

१०. **दर्ता गर्नु पर्ने :** (१) माथि दफा ६, ७ र ८ को प्रक्रिया पुरा भई सकेपछि दर्ता अधिकारीले निर्णय गरि दर्ता किताबमा चढाई प्रमाणित गर्नुका साथै विनियम समेत प्रमाणित गरि निर्धारित ढाँचामा दर्ता प्रमाण-पत्र दिनु पर्नेछ ।

नगर प्रमुख

११. **अनुसूची बमोजिम हुने :** दर्ता किताबको नमुना अनुसूची .... मा बमोजिम हुनेछ । दर्ता प्रमाण-पत्रको नमुना अनुसूची ... बमोजिम हुनेछ ।

१२. **दर्ता सम्बन्धमा तपशिलका कुरालाई लागु गर्नुपर्ने :**

(क) सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय वा डिभिजन सहकारी कार्यालयबाट अभिलेख हस्तान्तरण भई आएका साबिकका संस्थाहरुको दर्ता नम्मर यथावतै राख्नु पर्नेछ ।

(ख) स्थानीय तहबाट दर्ता हुने सहकारी संस्थाको नम्बर एकदेखि सिलसिलेबार दिने र वर्ष फेरिदा पनि दर्ता नम्बरको क्रम नटुटाउने ।

(ग) जुनसुकै किसिमको सहकारी संस्था भएता पनि दर्ता नम्बर एकैनास गर्ने र दर्ता नम्बरमा नै किसिम, वर्ष वा अन्य कुराको संकेत नराख्ने ।

(घ) महिला मात्रको सहकारी संस्थाको हकमा 'महिला' समेत देखिदिनु पर्ने । जस्तैः महिला उद्यमशिल, महिला हस्तकला, महिला बहुउद्देश्यीय आदी ।

१३. **अभिलेखिकरण गर्नु पर्ने :** संस्थाको विनियम, कार्ययोजना, सम्भाव्यता अध्ययन प्रतिवेदन लगायतका कागजपत्रहरु एक प्रति दरखास्तवालालाई दिएर एक प्रति कागजात कार्यालयमा अभिलेखिकरण गरि राख्नु पर्नेछ ।